

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ८ गते मंगलबार ❑ 20 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## अन्तर्राष्ट्रिय झण्डा पार्क पर्यटकीय गन्तव्य अपेक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

पोखराको मुख्य बजार क्षेत्रस्थित महेन्द्रपुलमा अन्तर ष्ट्रिय झण्डा पार्क निर्माण गरिएको छ । साविकको सार्वजनिक पुस्तकालय रहेको स्थानमा लायन्स क्लब अन्तर्राष्ट्रिय डिष्ट्रिक ३२५ अन्तर्गतका पाँच वटा संस्थाको रु ७० लाखको लगानीमा निर्माण गरिएको उक्त पार्क सोमबार पोखरा महानगरपालिकालाई हस्तान्तरण गरिएको हो ।

उक्त पार्कमा संयुक्त राष्ट्र सङ्घ, संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरु, पोखरा महानगरपालिका र लायन्स क्लब अन्तर्राष्ट्रियसहित एक सय ९७ वटा झण्डा राखिएका छन् । प्रत्येक देशको झण्डामुनि सो देशले संयुक्त राष्ट्र सङ्घमा सदस्यता प्राप्त गरेको मितिसमेत उल्लेख गरिएको छ । त्यसैगरी पार्कको बिचमा ४० फिट अग्लो नेपालको झण्डा राखिएको छ ।



महानगर प्रमुख धनराज आचार्यले उक्त पार्क उद्घाटन गर्दै यसले पोखराको नयाँ पर्यटकीय गन्तव्य बढाउने बताउनुभयो । विश्वका सबै देशका झण्डा एकै ठाउँमा राख्दा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुने उहाँको भनाइ थियो । महानगर प्रमुख आचार्यले भन्नुभयो,"पोखरामा संसारभरका पर्यटक आउँछन् । यहाँ आएर आफ्नो देशको झण्डा देख्दा उनीहरुलाई अपनत्व महशुस हुन्छ । यसले पोखराको पर्यटन प्रवर्द्धनमासमेत सहयोग पुग्नेछ ।"झण्डा पार्क सामाजिक विषयका विद्यार्थीका लागि समेत अध्ययन अवलोकनकाको गन्तव्य बन्न सक्ने भएको छ । महानगर शिक्षा शाखाले मातहतका सबै विद्यालयलाई एक दिन सो पार्कमा विद्यार्थीलाई अध्ययन अवलोकनका लागि लैजान आग्रह गर्ने भएको छ । सेती नदीको दृश्यावलोकनसहित पार्कमा पत्रपत्रिका अध्ययन गर्न सकिने भएकाले पर्यटकको बसाइँ अवधि बढाउनसमेत पार्कले सहयोग पुग्ने महानगरले जनाएको छ ।

लायन्स क्लबका अन्तर्राष्ट्रिय निर्देशक बालकृष्ण बुर्लाकोटीले झण्डापार्कले विश्वका पर्यटकलाई आकर्षित गर्ने बताउँदै यस महत्वपूर्ण कार्यमा लायन्स क्लब जोडिन पाउँदा खुसी लागेको बताउनुभयो । पोखरा आफैँमा सुन्दर सहर रहेको र झण्डा पार्कले अर्को सुन्दरता थपेको उहाँको भनाइ थियो । "यो पार्क हस्तान्तरण गर्दा संयुक्त राष्ट्रसङ्घको र लायन्स क्लबका संस्थापकको समेत सम्मान भएको छ", अन्तर्राष्ट्रिय निर्देशक बुर्लाकोटीले भन्नुभयो ।

महानगरपालिकाको वडा नं९ का अध्यक्ष दीपेन्द्र मर्सानीले पोखराको लेकसाइड आउने पर्यटक बजार क्षेत्रमा रहेको महेन्द्रपुलमा पनि आउने र यसले पर्यटकको बसाइ लम्ब्याउन सहयोग पुग्ने बताउनुभयो ।

महानगरपालिकाले महेन्द्रपुलस्थित सेती नदीको किनारमा सडकको दायाँबायाँ रहेका पुराना भवन भत्काएर उक्त पार्कका साथै सार्वजनिक शौचालय पनि निर्माण गरको थियो ।

## कांग्रेसले राष्ट्रका लागि भूमिका निर्वाह गर्दै इतिहास निर्माण गरेको छ : सभापति देउवा

**रासस**
काठमाडौं, ७ फागुन

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले लोकतान्त्रिक मूल्य मान्यताप्रतिको अविचलित निष्ठा, जनतासँगको निरन्तर एवं अटुट सम्बन्धका कारणले नै कांग्रेसले जन्मकालदेखि नै राष्ट्रका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै इतिहास निर्माण गरेको बताउनुभएको छ ।

ललितपुरको गोदावरीस्थित सनराइज सभाहलमा सोमबारदेखि सुरु भएको पार्टीको महासमिति बैठकको उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभापति देउवाले लोकतन्त्रको स्थापना, पुनःस्थापनाका लागि भएका शृङ्खलाबद्ध क्रान्ति, सङ्घर्ष आन्दोलनदेखि दशवर्षे सशस्त्रद्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने कार्यमा नेतृत्व प्रदान गरेको उल्लेख गर्नुभयो । "अन्तरिम संविधानदेखि वर्तमान संविधान निर्माण र संविधानको कार्यान्वयनको कार्यमा नेतृत्व प्रदान गरेका सबै काम कांग्रेसको महत्वपूर्ण भूमिकाका उदाहरण हुन्," उहाँले भन्नुभयो ।

नेपालको वर्तमान संविधान कांग्रेसको नेतृत्वमा निर्माण भएको उल्लेख गर्दै सभापति देउवाले संविधानले बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली सुनिश्चित गरेको र यो शासकीय स्वरुप कांग्रेसको मान्यता अनुकूल रहेको बताउनुभयो । संविधानको रक्षा र सार्थक कार्यान्वयन आजका मुख्य 'एजेन्डा' भएको भन्दै उहाले कांग्रेस संविधानको सुरक्षा र कार्यान्वयनका पक्षमा दृढ रहेको र यो हाम्रो दायित्व पनि भएको स्पष्ट पार्नुभयो ।

कांग्रेस आफ्नो इतिहासमा गर्व गर्दै वर्तमान र भविष्यमा जिम्मेवारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्ने उल्लेख गर्दै सभापति देउवाले कांग्रेसका सैद्धान्तिक मान्यता, नीति कार्यक्रम र व्यवहार सबै लोकतान्त्रिक मान्यताबाट निर्देशित रहेको बताउनुभयो । पार्टीको १४औँ महाधिवेशनमा समय अभावका कारण नीतिगत विषयमा दस्तावेज प्रस्तुत गरी छलफल गर्न नपाएका कारण पार्टीका नीतिगत विषयमा छलफल गर्ने उद्देश्यले महाधिवेशनको निर्णयअनुसार महासमिति बैठक बोलाइएको उहाँले बताउनुभयो ।

सभापति देउवाले बैठकमा विभिन्न दस्तावेज प्रस्तुत हुने र सबै सहभागीलाई ती विषयमा राम्ररी अध्ययन गरी आफ्ना विचार राख्न आग्रह गर्दै सहभागीका विचार, सुझाव र धारणा समेटेर नीतिगत दस्तावेज परिमार्जन गरी पारित गरिने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "कांग्रेसले देशमा लोकतन्त्र स्थापना, पुनःस्थापना र संरक्षणका लागि लामो सङ्घर्ष गरेको इतिहास सबैमा विदितै छ । हाम्रो इतिहास लोकतन्त्रका लागि जनताको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## तनहुँमा जन्ती बोकेको जीप दुर्घटना : दुई जनाको मृत्यु, १६ घाइते

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ फागुन

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ गिरौनचोरस्थित भित्री सडकखण्डमा सोमबार बिहान जन्ती बोकेको जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

बरादी-हिलेखर्कस्थित भित्री सकखण्डमा जन्ती लिएर गइरहेको बा१८च ५९२१ नम्बरको बोलेरो जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको हो । मृत्य हुनेमा आँबुखैरेनी गाउँपालिका-६ छापस्वाँराका ७२ वर्षीय आसवीर गुरुङ र व्यास नगरपालिका-९ गजौडे का १७ वर्षीया तुलसी गुरुङ रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आसवीरको घटनास्थलमै र तुलसीको उपचारका क्रममा चितवनस्थित नयाँ मेडिकल कलेजमा मृत्यु भएको हो ।

दुर्घटनामा १६ जना घाइते भएका छन् । उहाँहरूको चितवनस्थित नयाँ मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ । अनियन्त्रित भई सडकबाट अन्दाजी पाँच सय मिटर तल जीप खस्दा दुर्घटना भएको प्रहरीले उल्लेख गरेको छ ।

## संस्कृति, भूगोल र भूगर्भ : पोखराका पर्यटकीय गन्तव्य

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

हिमाली क्षेत्रमा भइरहेको प्रदुषणलाई मध्यनजर गर्दै खुम्बु पासाङल्हामु गाउँपालिकाले आधार शिविर व्यवस्थापन कार्यविधि २०८० ल्याएको छ । यो व्यवस्था बमोजिम सगरमाथा आरोहण गर्ने आरोहीले आफनो दिसा-पिसाब फिर्ता ल्याउनुपर्ने छ ।

मानवीय गतिविधीका कारण हिमाल क्षेत्रमा पारिरहेको असरको विषयमा सगरमाथाप्रति ध्यान सबैको जान्छ । सबैभन्दा पहिला चढिएको हिमाल हो अन्नपूर्ण । अन्नपूर्ण सरसफाईको विषय भने कमै ध्यान गएको छ सरोकारवालाको । गत चैतमा ७२ वर्षपछि अन्नपूर्णको सरसफाइ भएको थियो पहिलोपटक । नेपाली सेनाको सरसफाइ कार्यक्रम अन्तर्गत अन्नपूर्ण क्षेत्र पर्यो । जसमा साथ दिएको थियो पोखरा महानगरपालिकाले । १५ लाख आर्थिक सहयोग समेत प्रदान गरेको थियो महानगरले । पोखरा ट्राजिन्ट पोइन्ट हो पर्यटकीय गन्तव्य अन्नपूर्ण क्षेत्र प्रवेशको लागि । हिमालकै कारण पहिचान बनाएको छ पोखराले ।



'हामी पोखराका त्यही हिमाल हेरेर यहाँ बाँचेका छौ । अथवा यसले हामीलाई बचाइरहेको छ । विभिन्न सेक्टरमा खास गरि आज हामी पर्यटनको कुरा गर्दै छौ भने पर्यटनको लागि हिमाल र ताल नै महत्वपूर्ण हो,' प्रमुख धनराजले भने । यसको संरक्षणको जिम्मेवारी पोखरा महानगरको पनि रहेको बताउँछन् महानगर प्रमुख धनराज आचार्य । सगरमाथा सरसफाइ अभियान नेपाल सरकारले सुरु गरेपछि साथ नेपाल आर्मीले दिएको थियो । अन्य हिमालहरुको सरसफाइ अभियान चल्दा अन्नपूर्ण क्षेत्रेमा कति फोहोर होला ध्यान कसैको गएको थिएनन् । 'पहिलाचोटी हामीले गएको वर्ष अन्नपूर्ण हिमाल सरसफाइ गरेर ३१ टन फोहोर हामीले अन्नपूर्णबाट लिएर आएका छौँ त्यसमा महानगरको साझेदारी हो । त्यो हिमाललाई हेरेर बाँचेका छौँ त्यसको सरसफाइको जिम्मा हाम्रो हो,' उनले भने ।

सूर्य नेपाल गाथा नेपाल लिटरेचर फेस्टिभलको अन्तिम दिनको 'संस्कृति, भूगोल, भूगर्भ : पोखराका पर्यटकीय गन्तव्य' विषयमा छलफलमा प्रमुखले सो भनेका हुन् । जसमा सहजकर्ता कनकमणि दिक्षित थिए । सत्रमा पोखराको भू बनावटको विषयमा चर्चा भएको थियो । यसको महत्व बताउँदै कनकमणिको प्रश्न थियो - पोखराको मैदान कसरी बन्यो पर्यटकलाई त्यो पनि चाहिन्छ । सेतीको खोँचको बारेमा पोखरावासीलाई चासो नै छैन । चासो छ मेयर साब भन्दिनुस् । प्रश्नको जवाफ दिँदै प्रमुखले यसबारे पोखरा महानगरले कार्यविधि तयार पारिरहेको बताए । उनले छलफलमा पोखरामा मापदण्ड बिना बनेका संरचनाको जिकिर समेत गरे ।

'चासो छ । भर्खरै चार दिन भयो मैले साइन गरेको । पोखराको ताल तलैया डिल भिर नदी सम्पूर्ण ठाउँको मापदण्ड हामीले क्लियर गरेका छौँ । कहाँ के बनाउन मिल्ने का के बनाउन नमिल्ने कुन ठाउँको जोइनिङ गरेर कुन ठाउँमा अग्ला घर बनाउन मिल्ने का नमिल्ने । त्यो सबै कुराहरुलाई हामीले फेस गरेका छौँ । त्यो चासो भएकै कुराले यो गरेको हो ,'धनराजले भने । भू बनावटको विषयमा कुराकानीको गर्दै गर्दा बेलाबेला परिरहने पोखराको भ्वाङ नछुट्ने विषय हो । पूरानो अध्ययनले पनि पोखरा सेती किनारका केही भाग कमजोर रहेको प्रष्ट्याउँछ । त्यसपछि पोखराको विषयमा केही अध्ययन भएको छ । अब, पोखरा महानगर त्यसैको तयारीमा रहेको प्रमुखले सुनाए । 'फ्रेन्चहरुको भूगोलमा राम्रो रिसोर्स छ । उहाँहरुले पोखराको सिंगो एक्सरे गर्ने भन्नुभएको छ । अलिकति भूभागको हिसाबमा पोखरा अलि खतरा छ भन्ने छ रियल अवस्था के छ भन्ने विषयमा फ्रेन्च साथीहरुले रिसर्च गर्ने कुराकानी भएको छ,'उनले भने । पोखरा महानगरको अर्को विषय हो ताल संरक्षण । पर्यटनलाई लक्षित गर्दै महानगर योजना अघि सारेको छ । जून विवादबाट अछुतो छैनन् । यसैका विषयमा कनकमणिले प्रश्न गरे । यस्तै अर्को उज्यालो शहर बनाउनका लागि विवादित बनेको विषय हो आर्वाको डाँडामा राखिएको बत्ती । कनकमणिले यस विषयमा लेख नै लेखेका थिए ।

उनले प्रमुखलाई प्रश्न गरे - आर्वाको बत्ती किन हो ? त्यस विषयमा दुई थरी प्रतिक्रिया आएको प्रमुखले जिकिर गरे । धाम निर्माणको योजना छ त्यस स्थानमा । एकथरी धाम निर्माण हुने स्थानलाई बत्तीले परिचय दिएको प्रतिक्रिया पाएको प्रमुखले सुनाए । 'समाचार देख्ने बित्तिकै मैले सम्बन्धित प्राविधिकलाई त्यो बत्ती १० बजेपछि निभ्ने बनाउनुहोस् । अरु बाँकी कुरा पछि गरौँला भनेँ । फेरि त्यही क्षेत्रका अन्य प्राविधिक साथीले अर्को टिम पठाएर त्यसलाई बल्ने बनाउनुभएछ । यस्तैका बिचमा छ त्यसमा हामी छलफलका क्रममा छौँ,'प्रमुखले भने ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बिटी कपमा क्वाटरफाइनल समिकरण पूरा, डिफेण्डिङ च्याम्पियन बाहिरियो

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा जारी सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगितामा क्वाटरफाइनलको समिकरण पूरा भएको छ।



पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा आज (सोमबार) भएको प्रिक्वाटरफाइनल खेलबाट लामागाउँ गुम्बा एफसी, एलबी आरवाइसी काठमाडौं, दिव्यज्योती क्लब, एलसी ब्रदर्श, एट टु नाइन, तारा एफसी टिम 'ए' रामघाट एफसी र एनटु क्याफे टुंडिखेल विजयी बन्दै अन्तिम आठमा प्रवेश गर्यो। आज भएको पहिलो खेलमा लामागाउँ गुम्बा एफसीले नदीपुरलाई २-१ गोल अन्तरले पराजित गर्यो। यस्तै एलबी आरवाइसी काठमाडौं र केआइइसी बुनबीच भएको दोस्रो खेल १-१ गोलको बराबरीमा निर्धारित समयसकिएपछि टाइब्रेकरमा दिव्यज्योतीले ४-३ गोल अन्तरले पराजित गर्दै काठमाडौं क्वाटरमा प्रवेश गर्यो।

दिव्यज्योती र तारा एफसी 'बि' बीच भएको तेस्रो खेल गोलरहित बराबरीमा निर्धारित समयसकिएपछि टाइब्रेकरमा दिव्यज्योतीले ३-२ गोल अन्तरल हराउँदै दिव्यज्योती अन्तिम आठमा प्रवेश गर्यो। एलसी ब्रदर्श र मेनीमोरबी भएको चौथो खेलपनि निर्धारित समयमा खेल गोलरहित भएपछि टाइब्रेकरमा ३-२ गोल अन्तरले एलसी ब्रदर्श विजयी बन्यो। पाँचौ खेलमा एट टु नाइनले डिफेण्डिङ च्याम्पियन गन्नी एफसीलाई २-० गोल अन्तरले पराजित गर्यो। छैटौं खेलमा तारा एफसी 'ए' ले म्याक्सवेल एफसीलाई ४-१ गोल अन्तरले पराजित गर्यो। सातौ खेलमा रामघाटले भिमकाली क्लबलाई ४-१ गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गर्यो। यस्तै प्रिक्वाटरफाइनलको अन्तिम खेलमा एनटु क्याफे टुंडिखेलले नमस्ते ब्रदर्शलाई १-० गोल अन्तरले पराजित गरेको खेल संयोजक रामकाजी गुरुङले जानकारी दिए। उनका अनुसार मंगलबार क्वाटरफाइनलका खेल सञ्चालन गरिनेछ भने बुधबार सेमिफाइनल खेल र बिहीबार फाइनल खेल सम्पन्न हुनेछ। कुल ५६ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ।

यस्तै उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफिसहित नगद रु १० हजार हात पार्नेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ।

# टीम पोखरा मल्टिपर्पोजको रक्तदानमा १ सय ५ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन



टीम पोखरा मल्टिपर्पोज प्रा.लि.ले आयोजना गरेको रक्तदानमा १ सय ५ युनिट रगत संकलन भएको छ। युवा ब्यवशायीहरुद्धारा स्थापित टीम पोखरा मल्टि पर्पोज प्रा.लि.को दोश्रो वार्षिकोत्सवको अवसरमा आयोजित बृहत रक्तदान कार्यक्रममा १ सय ५ जनाले रक्तदान गरेका हुन।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नम्बर ८ का अध्यक्ष रुद्रनाथ बरालले रक्तदान कार्यक्रमका संयोजक प्रालिका सदस्य दिनेश कुमार जिसीलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए। रक्तदान कार्यक्रममा बोल्दै वडा अध्यक्ष बरालले युवाहरु विदेश पलायन भइरहेको परिप्रेक्षमा युवा ब्यवशायीहरुद्धारा स्थापित टीम पोखरा मल्टि पर्पोज प्रालिले ब्यवशाय संगै सामाजिक कामलाई अनुसरण गरेर अगाडी बढेकोमा धन्यवाद ब्यक्त गरे। टीम पोखरा मल्टिपर्पोज प्रालिले आगामी दिनमा आयोजना गर्ने सामाजिक तथा ब्यवशायीक क्रियाकलामा सहकार्य गरेर अगाडी वढ्ने वडाअध्यक्ष बरालको भनाइ रहेको थियो।

त्यस्तै समाजसेवी राजु पौडेलले युवाहरु विदेश पलायन भइरहदा युवाहरुले ब्यवशाय सञ्चालन गरी संस्था स्थापना गरी सामाजिक कार्य गरेकोमा सामाजिक काम प्रति आभार प्रकट गर्दै सामाजिक क्रियाकलापलाई निरन्तरता दिन आग्रह गरे। त्यस्तै नेपाल फर्निचर तथा फर्निसिङ ब्यवशायी संघ कास्कीका अध्यक्ष पूर्णशोभा गुरुङले ब्यवशायीहरुले आफ्नो ब्यवशाय संगै सामाजिक क्रियाकलापलाई अगाडी बढाएकोमा धन्यवाद ब्यक्त गरिन। नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र गण्डकीका प्रतिनिधी यमुना केसीले हरेक तीन तीन महिनामा खेर गइरहने रगतलाई रक्तदान गरी रगतको अभावलाई पूरा गर्न सहयोग गरेकोमा रक्तदान गर्ने सम्पूर्ण रक्तदातालाई धन्यवाद ब्यक्त गरिन।

टीम पोखरा मल्टिपर्पोज प्रा.लि.का अध्यक्ष नारायण खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका उपाध्यक्ष पुष्कल ढकालले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमका संयोजक दिनेश कुमार जिसीले धन्यवाद मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन संस्थाका सचिव रावत लामाले गरेका थिए।

# पोखरा-१४ मा स्थानीय महोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

पोखरा महानगरपालिका-१४ छिनेडाँडामा आयोजित प्रथम स्थानीय महोत्सव सम्पन्न भएको छ।




पोखरा महानगरपालिका-१४ वडा कार्यालयको आयोजनामा 'कृषि, पर्यटन, स्थानीय व्यवसायको प्रवर्द्धन' भन्ने मुल नारासहित प्रथम स्थानीय महोत्सव सम्पन्न भएको हो।

महोत्सवको समापन समारोहलाई सम्बोधन गर्दै केसी ग्रुपका सञ्चालक एवम् व्यवसायी किरण केसीले महोत्सवले स्थानीय उत्पादनलाई बजारीकरण र व्यवसायीकरण गर्न मद्धत पुग्ने बताए। 'मेला महोत्सवलाई हामीले मनोरञ्जनको लागि मात्र बुझ्ने गरेका छौं, स्थानीय उत्पादनको बजारीकरण र व्यवसायीकरणको लागि महोत्सवले महत्वपूर्ण मद्धत गर्छ।' व्यवसायी केसीले भने।

उनले पोखरा महानगरपालिकाको ३३ वटा वडा मध्ये पोखरा-१४ ले स्थानीय उत्पादनको बजारीकरण र व्यवसायीकरणको लागि कामगरेको बताए। मेला महोत्सव उत्पादित वस्तुहरुको व्यवसायीकरण गर बजारीकरणको गर्ने थलो भएको सम्मेत उल्लेख गरे। कार्यक्रममा गण्डकी प्रदेशका निवर्तमान कृषि, उर्जा तथा जलस्रोतमन्त्री एवम् सांसद बेदबहादुर गुरुङ 'श्याम'ले मेला महोत्सवमा उत्पादित कृषि तथा वस्तुहरुको प्रवर्द्धन गर्न सहयोग पुग्ने बताए। 'मेला महोत्सवमा किसानका उत्पादन गरेका खाद्यान्नदेखि उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको प्रवर्द्धन गर्ने थलो हो', सांसद गुरुङले भने, 'मेला महोत्सवले कला संस्कृतिसँगको संरक्षण र जर्गेना गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।' पोखरा महानगरपालिका-१४ का वडाध्यक्ष बोधबहादुर कार्कीले स्थानीय व्यवसायीहरुको व्यवसाय प्रवर्द्धन, स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना गर्ने उद्धेश्यसहित पहिलो चोटि महोत्सव आयोजना गरेको बताए। 'महोत्सवमा स्थानीय उत्पादनलाई मात्र प्राथमिकता दिएका छौं, पोखरा-१४ मा उत्पादन हुने कृषि जन्य उपजको व्यवसायीकरण एवं बजारीकरण, स्थानीय व्यवसायीको उत्पादन तथा व्यवसाय प्रवर्द्धन गर्ने वडाको मूख्य उद्धेश्य रहेको छ। यसले कृषकहरुमा थप उर्जा मिल्ने विश्वास लिएका छौं' वडाध्यक्ष कार्कीले भने। दुईदिनसम्म सञ्चालन भएको महोत्सवमा पोखरा-१४ भित्रका विभिन्न व्यवसाय प्रवर्द्धनका व्यवसायीहरुलाई १ सय वटा स्टल निशुल्क रुपमा प्रदान गरिएको थियो। महोत्सवमा वडामा उत्पादन भएका कृषि जन्य खाद्यान्न, वडाभित्र उत्पादन भएका उत्पादित वस्तुहरु, अटो इन्जिनिरिङका सामान, विद्यालयका शैक्षिक सामग्रीसँगै निशुल्क स्वास्थ्य जाँचहरुसमेत गरिएको थियो। महोत्सवको अवसरमा वडाले विभिन्न टोल सुधार समितिलाई समेत सम्मान गरेको छ। वडाले महोत्सवको अवसरमा मसिना टोल सुधार समितिका अध्यक्ष देवेन्द्र मगर, चेतनामार्ग टोल सुधार समितिका अध्यक्ष डम्बर बहादुर मगर, दाहसंस्कार टोल सुधार समितिका अध्यक्ष ललित बहादुर बानियाँ, स्वागत नगर टोल सुधार समितिका अध्यक्ष सु.देव बहादुर केसी, मोहन मार्ग टोल सुधार समिति, युनिटी टोल सुधार समितिका अध्यक्ष लक्ष्मी लामिछाने अधिकारी, भूपु सैनिक टोलसुधार समितिका अध्यक्ष बलबहादुर गुरुङलाई सम्मान गरेको हो। यस्तै समाज सुधार तथा उत्पादनतर्फ लक्ष्मी कार्की र जेष्ठ नागरिकतर्फ नविन दास पौडेललाई सम्मान गरेको छ। यस्तै कृषितर्फ अमृता सापकोटा र पशुपालनतर्फ मोहनबहादुर कार्कीलाई सम्मान गरेको छ। महोत्सवको अवसरमा निकालिएको झाँकी तथा ऱ्यालीतर्फ मिरमिरे टोल विकास समिति, मसिना टोल सुधार समिति, नेपाल मगर कमदमार्ग चाउथे इकाई समिति, पद्माकुमारी इश्वरी विश्वविद्यालय, युकेश्वर टोल सुधार समिति, पोंचोकों तमु समाज घर, सस्कृति आमा समूहलाई समेत सम्मान गरेको छ। महोत्सवमा सहभागी टोल तथा संस्थाहरुलाई प्रमाणपत्रसहित सम्मान गरिएको छ। पोखरा महानगरपालिका-१४ वडा कार्यालयले आयोजना गरेको प्रथम स्थानीय महोत्सवमा आयोजित टोल स्तरीय रस्साकसी प्रतियोगितामा महिलातर्फ मिर्मिरे आमा समूह र पुरुषतर्फ खाल्टे टोल सुधार समिति विजयी भएको छ। महिलातर्फ भएको रस्साकसी प्रतियोगितामा मिर्मिरे आमा समूह विजेता र युनिटी आमा समूह उपविजेता भए। यस्तै पुरुषतर्फ खाल्टे टोल सुधार समिति र प्रगति टोल सुधार समिति उपविजेता भए। यस्तै छेलो फाल्ने प्रतियोगितामा दुजिक थापा मगर विजेता र रबिन गुरुङ उपविजेता भएको प्रचारप्रसार समितिका संयोजक रामजी जिसीले जानकारी दिए।

महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारहरुको सांगितिक कार्यक्रमहरुसमेत रहेका थियो।

# फुटसलको उपाधि त्रिवेणी पब्लिक र पोखरा लिंकन इन्टरनेशनल कलेजलाई

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन





दोस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा युनिभसिटि लेबल फुटसल प्रतियोगिताको उपाधि त्रिवेणी पव्लिक स्कुल र पोखरा लिंकन इन्टरनेशनल कलेजले जितेका छन्। प्लस टु तर्फ त्रिवेणी पब्लिक स्कुलले स्टेब बाई स्टेप सेकेन्डरी स्कुललाई ट्राइबेकरमा ४-३ गोलले हराउदै उपाधि चुमेको हो।

निधारीत समयमा ३-३ गोलको बराबरी भए पछि खेल ट्राइबेकरमा पुगको थियो। युनिभसिटि लेबल तर्फ पोखरा लिंकन इन्टरनेशनल कलेजले इन्फोम्याट्रिक कलेजलाई ट्राइबेकरमा ४-३ गोलले हरायो। निधारीत समयमा २-२ गोलको बराबरी भएपछि खेल ट्राइबेकरमा पुगेको थियो। उपाधि सहित पोखरा लिंकन इन्टरनेशनल कलेजले नगद २० हजार मेडल र ट्रफि हात पार्दा इन्फोम्याट्रिक कलेजले नगद १० हजार मेडल र ट्रफिमा चित्त बुझायो। प्रतियोगितामा ८ वटा टिमले भाग लिएका थिए। उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा भएको प्रतियोगितामा दोस्रो प्रदेशस्तरीय हिसान प्लस टुको उपाधि सहित त्रिवेणी पब्लिकले नगद १ लाख, मेडल, ट्रफि जितेको छ। त्यसै गरी उपविजेता स्टेप बाई स्टेपले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गरेको छ। प्रतियोगितामा कास्कीका १२ र अन्य जिल्लका ३ विद्यालय गरेर १५ विद्यालयले प्रतियोगिता भाग लिएका थिए। हिसान गण्डकीको सदस्य विद्यालय बिच भएको प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाएका थिए।

कार्यक्रममा गण्डकी युनिभसिटिका कुलपति गणेशमान गुरुङ, राष्ट्रिय खेलकुद परिषद्का पुर्व सदस्यसचिब रमेश सिलवाल, उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) केन्द्रिय सल्लाहकार सूर्य बहादुर जिसि, हिसान गण्डकीका अध्यक्ष रमाकान्त बराल, सबिन मेमोरीयल फुटबल क्लबका अध्यक्ष सञ्जय लिगल, प्रतियोगिता संयोजक सन्तोष पराजुली लगाएतले पुरस्कार वितरण गरे।

## एक-अर्काको ...

हकअधिकार र स्वतन्त्रताका लागि त्याग तपस्या र बलिदानका गाथाले भरिपूर्ण छ। मुलुकमा जहिले पनि सङ्कट उत्पन्न भएका बेला कांग्रेसले आफ्नो नेतृत्वमा समाधान दिएको छ।" लोकतान्त्रिक मूल्यमान्यतासँग कहिल्यै पनि सम्झौता नगर्ने कांग्रेसको दृढताका कारणले नै यो पार्टी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा एकमात्र लोकतान्त्रिक पार्टीका रूपमा पहिचान बनाउन सफल भएको सभापति देउवाको भनाइ थियो। "संविधानको रक्षाका लागि कांग्रेसकै पहलमा गठबन्धन बनेको हो। अहिले हामी गठबन्धनको अभ्यासमा छौँ। अहिलेको गठबन्धन सरकार गठनका लागि मात्र बनेको होइन। केही समय पहिले प्रतिनिधिसभालाई पहिल्यै विघटन गर्ने, मुलुकमा राजनीतिक अस्थिरता ल्याउने, संविधानलाई जोखिममा पार्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने गतिविधि भए," सभापति देउवाले भन्नुभयो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# मेलम्चीको भ्रष्टाचार

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेलम्ची खानेपानी आयोजनामा समयमा काम नगर्ने र लागत बढाउँदै जानुमा भ्रष्टाचार भएको तथ्य बाहिर ल्याएको छ। मेलम्ची खानेपानी आयोजना दुहुनो गाई बनाएको खानेपानी मन्त्रलायका ४ सचिवसहित आयोजनाका पूर्वपदाधिकारीले निर्माण कम्पनीसँग मिलेर भ्रष्टाचार गरेको तथ्य खुलेको छ। एउटा आयोजना सम्पन्न हुन यतिका समय लगाउनु भ्रष्टाचार गर्न सजिलो बनाउने कुत्सित मनसाय भएको प्रष्ट भएको छामेलम्चीको धाराको पाँचौं पटक उद्घाटन भए लगत्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ६ अर्ब ४१ करोडभन्दा बढी बिगो कायम दाबी गर्दै १५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। प्राविधिक पक्षबारे सर्वसाधारणको कम जानकारी हुने ठानेर गरिएको भ्रष्टाचारलाई अख्तियारले खोतल्छ भन्ने सन्देश हो।अख्तियारले खानेपानी मन्त्रालयका तत्कालीन ४ सचिवसहित परामर्शदाता, निर्माण कम्पनीलाई प्रतिवादी बनाइएको छ।

निजामती तर्फका ठूला माछा पनि समातिएका छापूर्वसचिव भीमप्रसाद उपाध्याय, डा. सञ्जय शर्मा, गजेन्द्रकुमार ठाकुरसहित निर्माण आयोजनाका पदाधिकारीले मौजुदा कानुन एवं सम्झौताको शर्त पालना नगरी ठेक्का व्यवस्थापनमा असक्षम देखिएको निर्माण व्यवसायीलाई अनुचित आर्थिक लाभ पुऱ्याएको देखिएको अख्तियार प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए। अख्तियारका प्रबक्ताका अनुसार मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड अध्यक्ष एवं खानेपानी मन्त्रालयका सचिव डा. सञ्जय शर्माविरुद्ध ६ करोड ९७ लाख ८३ हजार १७८ बिगो र १३ वर्षसम्म कैद तथा बिगो बराबरको जरिवाना असुलको माग गरिएको छ। यसैगरी भीमप्रसाद उपाध्यायलाई ४ करोड ११ लाख ३४ हजार २७९ बिगो तथा १३ वर्षसम्म कैद तथा बिगो असुलको माग गरिएको छ। अर्का पूर्वसचिव एवं तत्कालीन बोर्ड अध्यक्ष गजेन्द्रकुमार ठाकुरलाई ६० करोड ४९ लाख १९ हजार ८ सय ८४ बिगो र १३ वर्ष कैद तथा बिगो असुल उपरको माग गरिएको छ। काठमाडौं जनतालाई खानेपानीको लागि तड्पाएर प्रशासनिक , प्राविधिक र ठेकेदारको मिलेमतोमा आयोजनालाई दुहुनो गाई बनाउ तीनै पक्ष कसरी मिल्छन भन्ने पाठ पनि हो।

अख्तियारल मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य रुद्रसिंह तामाङलाई पनि प्रतिवादी बनाइएको छ। उनी हाल अध्यागमन विभागका महानिर्देशक छन्। उनलाई ११ करोड ९ लाख १७ हजार ४ सय ५८ बिगो र १० वर्षसम्म कैद सजायको माग गरिएको छ। यस्तै अर्थ मन्त्रालयका तत्कालीन सचिव तथा तत्कालीन बोर्ड सदस्य मुकुन्दप्रसाद पौडेललाई ६ करोड ९७ लाख ८३ हजार १ सय ७८ बिगो र १० वर्षसम्म कैद माग दाबी गरिएको छ। अर्का बोर्ड सदस्य चन्द्रबहादुर थापालाई ७१ करोड ५८ लाख ३७ हजार ६ सय ४३ बिगो र १० वर्षसम्म कैद माग गरिएको छ। यसैगरी समितिका पूर्वकार्यकारी निर्देशक घनश्याम भट्टराईलाई २२ करोड ७५ लाख १९ हजार ८ सय ९६, रामचन्द्र देवकोटालाई ३२ करोड ३५ लाख ६१ हजार ६ सय ६३ र सूर्यराज कँडेललाई ८९ करोड ८ लाख ९८ हजार २ सय ८५ बिगो र १३ वर्षसम्म कैद सजायको माग गरिएको छ। यस्तै समितिका तत्कालीन उपसचिव मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, बेगनाथ पौडेललाई जनही ३२ करोड ३५ लाख ६१ हजार ६ सय ६३ बिगो माग गरिएको छ।

केदारप्रसाद अर्याललाई ४४ करोड ७३ लाख ७३ हजार ७२ बिगो माग गरिएको छ। उनीहरूलाई १० वर्षसम्म कैद सजायको माग पनि गरिएको छ। समितिका तत्कालीन उपकार्यकारी निर्देशक भोजविक्रम थापालाई ३२ करोड ३५ लाख ६१ हजार ६ सय ६३ बिगो र १० वर्ष कैद सजाय माग गरिएको छ। अख्तियारले परामर्शदाता र निर्माण व्यवसायीलाई पनि प्रतिवादी बनाएको छ। परामर्शदाता इप्टिसा-बीईटीएस जेभीका डेपुटी टिम लिडर शिवकुमार शर्मा र इप्टिसा सर्भिसेज डी इन्गेजियरिज एसएल परामर्श सेवा प्रालि जेभीलाई पनि मुद्दा दायर गरिएको छ। शर्मालाई ४८ करोड ३६ लाख ७ हजार ५८० र परामर्श कम्पनीलाई ८७ करोड ५८ लाख ८३ हजार ३ सय ६० बिगो तोकिएको छ। यस्तै निर्माण व्यवसायी सीएमसी डी राभेनालाई ६५ करोड १४ लाख ५७ हजार ४ सय १० बिगो माग गरिएको छ। निर्माण कम्पनी सीएमसी डी राभेन्नाले कामै नगरी भुक्तानी लिएको पाइएको छ।

अख्तियारका अनुसार ठेकेदारसँगको मिलेमतोमा एसियाली विकास बैंकबाट ऋणमा लिएको रकम सम्झौताविपरीत तथा कानूनले तोकेभन्दा बढी २० प्रतिशत दुई किस्तामा अतिरिक्त मोबिलाईजेसन पेश्कीबापत भुक्तानी गरिएको। सरकारी सम्पत्ति हानी नोक्सानी गरी निर्माण व्यवसायीलाई लाभ गराएको, पेश्की फर्च्छ्यौट नहुँदै निर्माण व्यवसायीको जमानतको व्याज असुल नगरेको अभियोगपत्रमा उलेख छ। राष्ट्रिय गौरवका आयोजनामा हुने ढिलासुस्ती र भ्रष्टाचारविरुद्ध अख्तियारले मेलम्चीबाट शुरु गरेको काम अन्यत्र पनि हुन सकेमा भ्रष्टाचारीलाई कानुनको कठघरामा ल्याउन दबाब पर्नेछ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वस्थ्यमा सुधार | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# राइनासकोटमा लालिगुराँसले आकर्षित गर्दै पर्यटक

**पोखरापत्र संवाददाता**
लमजुङ, ७ फागुन

समुद्री सतहबाट एक हजार सात सय ७४ मिटर उचाइमा रहेको रमणीय राइनासकोटमा लालिगुराँसले पर्यटकलाई आकर्षित गर्न थालिएको छ। लमजुङको राइनास नगरपालिका-९ स्थित राइनासकोटमा आन्तरिक पर्यटकलाई लालिगुराँसले आकर्षित गर्न थालिएको हो।

समयअगावै फुलेका लालिगुराँसले यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरेको राइनास नगरपालिका प्रमुख एवं राइनासकोट होमस्टे व्यवस्थापन समितिका अध्यक्ष खड्गबहादुर गुरुङले बताउनुभो। माघको पहिलो सातादेखि लालिगुराँस फुल्न थालेको भन्दै अहिले यहाँ सञ्चालित घरवासका साथै घुम्न आउने पर्यटकलाई लोभ्याइरहेको उहाँको भनाइ थियो।

"यहाँ रहेका सांस्कृतिक, ऐतिहासिक स्थल, संस्कृति र यहाँबाट देखिने विभिन्न हिमशृङ्खलाले पर्यटकलाई आकर्षित गर्ने गरेपनि यतिबेला लालिगुराँस पर्यटकका लागि थप आकर्षणको केन्द्र बनिरहेको छ", गुरुङले भन्नुभयो। चैत-वैशाखमा फुल्ने लालिगुराँस समय अगावै फुलेपछि हेर्नका लागि पर्यटक आउने गरेका उहाँको भनाइ थियो। उहाँका अनुसार यहाँ आइपुगेका अधिकांशले लालिगुराँससँग फोटो खिच्ने र भिडियो बनाएर रमाउने गर्दछन्। गत शनिबार लमजुङ सदरमुकाम बेँसीसहरमा रहेको जनविकास कलेजबाट साथीसँग पिकनिक आएका भुमिका गुरुङले पहिलो पटक आफू यहाँ आएको भन्दै यतिधेरै लालिगुराँस फुलेको देख्दा निकै रमाइलो लागेको बताउनुभयो। कलेजबाट आफूसहित ६० जना यहाँ आएको उहाँको भनाइ थियो।

नगरप्रमुख एवं होमस्टे व्यवस्थापन समितिका अध्यक्ष गुरुङले यतिबेला पर्यटक आगमन भइरहेको जनाउँदै घरवासमा बस्ने भन्दा घुम्ने, पिकनिक खाने प्रयोजनका लागि बढी आउने गरेको बताउनुभयो। उहाँका अनुसार शुक्रबार, शनिबार र बिदाका दिनमा दुई सयभन्दा बढी पर्यटक यहाँ आउने गरेका छन्। भूकम्पले यहाँका घरहरु भत्किएर पुनः निर्माण भएपछि विसं २०७५ फागुनदेखि ११ घरबाट घरबास सुरुआत भएकामा यतिबेला सिङ्गो गाउँ (१७ घर) मा घरवास सञ्चालन भइरहेको गुरुङले जानकारी दिनुभयो। पछिल्लो समय पर्यटकको उल्लेख्य आगमन हुन थालेपछि यहाँका सबै घरमा घरबास सञ्चालन गरिएको उहाँको भनाइ थियो। यहाँका स्थानीयले यही पेसाबाट आम्दानी जीविकोपार्जन गरिरहेका नगरप्रमुख गुरुङले बताउनुभयो। यहाँ सञ्चालित घरबासबाट वार्षिक करिब रु तीन-चार लाख आम्दानी हुँदै आएको समितिका उपाध्यक्ष विष्णु गुरुङले बताउनुभयो। "घरवास सञ्चालन अघि यहाँ विकासका पूर्वाधार थिएन। गाउँबेसी गर्न पनि समस्या थियो", उहाँले भन्नुभयो, "खेतीपातीबाट उत्पादित अन्नले तीन/चार महिना मात्रै पुग्थ्यो। अहिले होमस्टे सञ्चालनमा आएपछि यहीँ व्यवसायबाट मनग्य आम्दानी गर्न थालेका छन्।" होमस्टे सञ्चालन गरेसँगै स्थानीयको जीवनस्तरमा सुधार आएको उपाध्यक्ष गुरुङको भनाइ थियो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११ फुलबारीमा भास्कर मार्गदेखि पुन समाज घर वरिपरि सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भास्कर मार्गदेखि पुन समाज घर वरिपरि सडक स्तरोन्नति
ठेगानाः पोखरा-११, फुलबारी
योजना सम्झौता मितिः २०८०/१०/१४ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ७,२१,६४५।६८
महानगरपालिकाबाट प्राप्त हुने रकमः रु. ६,१३,३९८।८३
जनसहभागिताबाटः रु.१,०८,२४६।८५
उपभोक्ता समिति अध्यक्षः सकश थापा
सचिवः धनश्याम रेग्मी कोषाध्यक्षः रजनी बास्तोला
अनुगमन समितिः वडा सदस्य एवं संयोजक सुशिल बास्तोला

**भास्कर मार्गदेखि पुन समाज घर वरिपरि सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-११, फुलबारी**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १० मिलन मार्ग बेथानी टोलमा बेथानीटोल बाटो ढलान निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः बेथानीटोल बाटो ढलान निर्माण
ठेगानाः पोखरा-१०, मिलन मार्ग बेथानी टोल
योजना सम्झौता मितिः २०८०/१०/०५ गते
योजना सम्पन्न भएको मितिः २०८०/१०/१९ गते
योजनाको कुल लागतः रु. ७,०६,०००/-
महानगरपालिकाबाट प्राप्त हुने रकमः रु. ६,००,०००/-
जनसहभागिताबाटः रु.१,०६,०००/-
अध्यक्षः मनु गुरुङ सम्पर्क नं.: ९८१६६१०५५०
उपभोक्ता समिति सदस्य संख्याः १५
महिलाः ६ पुरुषः ९
प्राविधिक सहयोगः ईन्जिनियर दिपक पोखरेल
सवईन्जिनियरः पुजन कार्की

**बेथानीटोल बाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा-१०, मिलन मार्ग बेथानी टोल**

# समयले मागेको शिक्षा आवश्यक

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन



पोखरा ११ काहूँ डाँडास्थित काँहू आधारभूत विद्यालयले ५५ औं वार्षिकोत्सव मनाएको छ। प्रतातन्त्र दिवसको दिन मनाएको वार्षिकोत्सक सभामा पोखरा महानगर शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारीले सामाजिक पवित्रस्थल शिक्षालय भएकाले कला र क्षमताको विकास गराएर विद्यार्थीको भविष्य उज्ज्वल बनाउनु पर्ने बताए। उनले समयले मागेको विषयलाई प्राथमिकता दिन विद्यालय परिवार सक्रिय बन्न आग्रह गर्दै श्रब्य र दृष्य सामग्री उपलब्ध गराई गुणस्तर युक्त शिक्षा दिनु पर्नेमा जोड दिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तीर्थबहादुर वस्नेतको अध्यक्षतामा भएको सभामा पोखरा ११ का अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले विद्यालयको शैक्षिक एवं भौतिक जग बलियो बनाउन आफू क्रियाशील भएको बताए। उनले बालमैत्री फर्निचर छिटोभन्दा छिटो वडाबाट उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरे।

विद्यार्थीलाई ५५ जोर न्यानोकपडा वितरण गरेको सभामा समाजसेवी उर्मिला वस्नेतले आफूले निरन्तर सहयोग गरिरहने बताईन्। उनले आफू तीर्थबहादुर वस्नेतको परिवारमात्र नभई समाजसेवामा पतिले देखाएको पवित्र कार्यमा हातेमालो गर्दै विद्यालयको हितमा अघि बढ्ने उल्लेख गरिन्। उक्त न्यानो कपडा तीर्थ र उर्मिलाले सौजन्य गरेका थिए। कार्यक्रममा बलराम घिमिरेको समन्वयमा विद्यार्थीहरुलाई जुत्ता र मोजासमेत हस्तान्तरण गरिएको थियो। उक्त अवसरमा समाजसेवी तारादेवी पहारीले आफ्ना स्वर्गीय पति एवं उक्त विद्यालयका पूर्व प्रअ दुर्गा पहारीको नाममा १ लाख ५ हजार ५ सय ५५ रुपैयाँको अक्षयकोष रकम हस्तान्तरण गरेकी थिइन्।

विद्यालयका प्रअ सुरजबहादुर क्षेत्रीले विद्यालयको वार्षिक अवस्थाको चित्रण गर्दै हुनसक्ने सहयोग प्राप्त नहुँदा खिन्न हुनुपरेको बताए। उनले जोखिम युक्त भवनमा विद्यार्थीलाई पढाउनु पर्दाको पीडा सुनाउँदै महानगर तथा शिक्षासँग सरोकार राख्ने सवैलाई काहूँ आधार भूत विद्यालयमा ध्यान दिन अनुरोध गरे। काहूँ बृहद् खानेपानी आयोजनाका अध्यक्ष मिनबहादुर गुरुङले अभिभावक भेला भनेपनि उनीहरुका कुरा सुन्ने थलो नभएको तर्क गर्दै जनप्रतिनिधिको कमजोरी औंल्याएका थिए।

वार्षिक सभामा कक्षा नर्सरीदेखि कक्षा ५ सम्मका प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृति गरिएको विद्यालयका शिक्षक दुर्गा पौडेल घिमिरेले जानकारी दिइन्। विद्यार्थीहरु कक्षा नर्सरीमा क्रमशः युनिक केसी, क्रियन्स कार्की, ओजस्वी लामिछाने, कक्षा केजीमा उज्ज्वल लामिछाने, आयुष्मा सुनार, रोनिक केसी प्रथम, द्वितीय र तृतीय भएका थिए। कक्षा १ मा कुशल दाहाल, संदीप धिमाल, इसिका कार्की, कक्षा २ मा शिक्षा लिम्बु, समुयल राना, सुस्मिता सुनार कक्षा ३ मा संजोग भुजेल, सुविना सुनार र समिर भुजेल पुरस्कृत भए। कक्षा ४ मा गौरव सुनार, दिप्सन बराल, सुस्मिता विसुन्के भए भने कक्षा ५ मा सन्ध्या रानामगर, कृतिका घिमिरे र समिना बरालले प्रथम, द्वितीय र तृतीय स्थानका पुरस्कार प्राप्त गरेको शिक्षक सिर्जना पौडेलले जानकारी दिइन्।

सभा समापन गर्दै समाजसेवी तीर्थ वस्नेतले अभिभावकको सक्रिय उपस्थिति नै विद्यालयको गहना हुने बताए। दानवीरहरुबाटै आजसम्म विद्यायल सञ्चालन भईरहेको धारणा व्यक्त गरेका वस्नेतले दिन सक्नेले रकम दिने नसक्नेले खवरदारी भनेपनि दिनै पर्ने उल्लेख गरे। विद्यार्थीको क्षमता सरकारीमा कमजोर र वोर्डिङमा बढि हुने भ्रम समाजमा रहेकाले सवै शिक्षकले त्यसको जिम्मेवारी लिन सक्नु पर्नेमा जोड दिए।

# पर्वतमा पहिलोपटक व्यावसायिक स्याउखेती सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, ७ फागुन

पर्वतमा पहिलोपटक व्यावसायिकरुपमा स्याउखेती सुरु गरिएको छ। जिल्लाको मोदी गाउँपालिका वडा नं ४ क्याङका छमबहादुर शेरपुजा 'लाल' ले गत वर्षदेखि व्यावसायिकरुपमा स्याउखेती सुरु गर्नुभएको हो।

स्थानीय फलाटे र एकगैरेमा रहेको आफ्नो पाँच रोपनी जग्गामा एक सय वटा बिरुवा लगाएर स्याउखेती सुरु गर्नुभएको हो। २८ वर्ष लामो समय भारतीय सेनामा बिताउनुभएका शेरपुजाले अवकाशपछि गाउँमा खाली रहेको जग्गा सदुपयोग गर्ने उद्देश्यले जिल्लामै पहिलोपटक स्याउखेती सुरु गरेको बताउनुभयो।

शेरपुजाले युट्युव च्यानलबाट स्याउखेतीसम्बन्धी विभिन्न जानकारी लिएर पहिलोपटक एग्रो मनाङ प्रालि काठमाडौंसँगको समन्वयमा इटलीबाट चार वटा फरकफरक जातका एक सय बिरुवा खरिद गरेर खेती सुरु गर्नुभएको हो। गत वर्षदेखि सुरु भएको स्याउखेतीमा अहिले तीन सय वटा बिरुवा पुगिसकेका छन् भने बिरुवा रोपेको पहिलो वर्षनै झण्डै ५० किलोग्राम स्याउ उत्पादन भएको कृषक शेरपुजाले जानकारी दिनुभयो।

उहाँले समुद्री सतहबाट दुई हजारदेखि २२ सय मिटरको उचाइमा स्याउखेती गर्नुभएको छ। सुरुमा गाला, गोल्डेन, फुजी र रेडचिप गरी चार वटा जातका बिरुवा रोप्नुभएको हो। सुरुआतमा मलखाद नमिलेका कारण २०/२५ वटा बिरुवा मरेको र पुन : भारतवाट एम सात र एमएन १११ जातको नयाँ बिरुवा ल्याएर रोपेको शेरपुजाले बताउनुभयो। धेरै वर्ष पहिला कृषि अनुसन्धान केन्द्र लुम्लेबाट बिरुवा ल्याएर परीक्षण गर्दा फल्ने तर बिरुवा लामो समय नटिक्ने समस्या रहेको थियो। आफुले सामाजिक सञ्जाल र युट्युबमा थप अध्ययन गर्दै जाँदा यहाँको हावापानी र उचाइमा उपयुक्त हुने स्याउ इटलीमा पाइने बुझेपछि एग्रो मनाङ प्रालिमार्फत मगाएर बिरुवा रोपेको बताउनुभयो।

सुरुमा परीक्षणका लागि लगाएको बिरुवाबाट पहिलो वर्षमै राम्रो उत्पादन भएपछि आफैँले बिरुवा कलमी गर्ने, बीउबाट नर्सरी बनाउने काममा लागेको बताउनुभयो। यस वर्ष थप दुई सय बिरुवा रोप्ने योजना बनाउनुभएका शेरपुजाले आगामी वर्ष एक हजार ५०० बोट विस्तार गर्ने लक्ष समेत राख्नुभएको छ। एउटा बोटबाट कम्तीमा पाँच केजीसम्म उत्पादन लिन सकिन्छ। शेरपुजाले भविष्यमा तीन हजारसम्म बोट लगाउने योजना बनाउनुभएको छ।

कोदो, मकै, आलु खेती हुने बारीमा पहिलोपटक आफुले स्याऊका बिरुवा ल्याएर रोपेपछि गाउँलेले जिस्क्याएको भए पनि पहिलो वर्षमै राम्रो फल लागेपछि अहिले छिमेकीसमेत स्याउखेतीतर्फ सकारात्मक बनेका छन्। शेरपुजाले भन्नुभयो, "पहिला गाउँलेले विश्वास नै मानेका थिएनन् जब बोट सारेको पहिलो वर्षमै स्याउ फल्न थाल्यो, त्यसपछि भने छिमेकीले पनि स्याऊ खेती गर्न उत्साहित बनेका छन्।" शेरपुजाले आफ्नै नर्सरीमा तयार गरेका बिरुवा अन्य किसानलाई बिक्री गर्ने जानकारी दिनुभयो।

अहिले परीक्षणकैरुपमा रहेकाले अब फार्म नै खोलेर यो खेती विस्तार गर्ने तयारी शेर पुजाको रहेको छ। "कोदो मकै लगाउँदा खासै आम्दानी हुने थिएन, स्याउखेती लगाएपछि प्रशस्त आम्दानी हुने अपेक्षा गरेको छु", उहाँले भन्नुभयो। शेर पुजाले अवकाश पछिको जीवन व्यावसायिक स्याउ उत्पादन र विस्तारमा विताउने योजना रहेको समेत बताउनुभयो।

स्याउ उत्पादनका लागि अनुकूल वातावरण भए पनि अहिलेसम्म कसैले चासो नदेखाएको उहाँको भनाइ छ। शेर पुजा र उहाँकी श्रीमतीले फार्ममा काम गर्दै आउनुभएको छ। उहाँका एक छोरा अध्ययनका लागि अमेरिका र अर्का छोरा नेपालमै कम्प्युटर इञ्जिनियर, छोरी भने अस्ट्रेलियामा हुनुहुन्छ। सहरमा बस्न बाग्लुङ बजारमा सुविधासम्पन्न घर बनाएको भए पनि आफू भने गाउँमै बसेर व्यावसायिक स्याउखेती गर्ने योजना बनाएको उहाँले बताउनुभयो।

गाउँमा रहेका बेरोजगार तथा जग्गा बाँझो राखेर बस्नेलाई समेत प्रेरणा मिलोस् र खाली जग्गा सदुपयोग गरी प्रशस्त आम्दानीसमेत गर्न सकून् भन्ने उद्देश्यले एक्लै भए पनि स्याउखेती सुरुवात गरेको उहाँको भनाइ छ। अर्को वर्षदेखि थप जग्गा भाडामा लिएर अझै स्याउखेती विस्तार गर्ने उहाँको योजना रहेको छ। स्याउखेतीका लागि भनेर आफूले कुनै तालिम र सीप नसिकेको बताउँदै युट्यबबाटै आवश्यक जानकारी लिएर खेती गरेको उहाँले सुनाउनुभयो। जिल्लामै पहिलोपटक खेती सुरु गरे पनि कुनै निकायवाट सहयोग नपाएको शेरपुजाले बताउनुभयो।

# वालिङ नगरले बनायो ५१ सदस्यी सल्लाहकार समिति

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ७ फागुन



स्याङ्जाको वालिङ नगरपालिकाले जम्बो सल्लाहकार समिति गठन गरेको छ । वालिङ नगरपालिकालाई योगदान पुऱ्याएका र समृद्ध नगर बनाउन नगरपालिकाले जम्बो सल्लाहकार समिति गठन गरेको हो । वालिङ नगरपालिकाको माघ २९ गते बसेको नगर कार्यपालिकाको बैठकले ५१ सदस्यीय सल्लाहकार समिति गठन गरेको छ ।

सल्लाहकार समितिको संयोजक निवर्तमान नगर प्रमुख दिलिपप्रताप खाँण रहनेगरी विभिन्न विद्यामा रहेका व्याक्तिहरुलाई सल्लाहकार समितिमा मनोनयन गरिएको नगर प्रमुख कृष्ण खाँणले जानकारी दिए । राजनैतिक, समाजिक, सञ्चार, स्वास्थ्य, निजामति र उद्यमशिलता क्षेत्रमा क्रियाशिल व्याक्तिहरुबाट समेटेर सल्लाहकारमा मनोनित गरेको नगर प्रमुख खाँणको जिकिर छ । 'स्मार्ट सिटी' तर्फ उन्मुख वालिङ नगरपालिकालाई स्माट नगर बनाउन टेवा पुग्ने उदेश्यले सल्लाहकार समिति निर्माण गरिएको बताइएको छ । वर्तमान नगर प्रमुख कृष्ण खाँण र सल्लाहकार समितिका संयोजक तोकिएका दिलिपप्रताप खाँण २०७९ को स्थानीयतहको निर्वाचनमा प्रतिस्पधी थिए । झण्डै २२ सय मतले पराजित भएका सल्लाहकार समितिका संयोजक दिलिपप्रताप खाँण अहिले वर्तमान नगर प्रमुख कृष्ण खाँणले सल्लाहकार समितिको संयोजक तोकिदिएर जिम्मेवारी दिने तयारीमा रहेको बुझिएको छ। नगरको विकासका लागि भावी योजना तर्जुमामा केही खाका कोर्न अनुभवी व्याक्तिहरुबाट सहज हुने विश्वास लिएको नगर प्रमुख खाँणले बताए ।

यो समिति सर्वपक्षीय, सर्वदलीय र नितान्त नगरको विकासको लागि निर्माण गरिएको नगर प्रमुख खाँणको दावी छ । हामीले यसबाट सकारात्मक तथा प्रभावकारी प्रतिफल पाउन सक्ने विश्वास लिएको उनले बताए । वालिङ नगरसभामा ७५ जना जनप्रतिनिधि रहेका छन् । नगरसभाकै झल्को दिनेगरी सल्लाहकार समिति निर्माणगर्दा जनताबाट चुनिएका जनप्रतिनिधिको मानमर्दन हुनसक्ने आशंका व्यक्त गरिएको छ । स्थानीय सरकार संचालन ऐनमा सल्लाहकार समिति मनोनयन गर्न पाइने व्यवस्था छैन ।

तर स्थानीय सरकार स्वायत्त निकाय भएकाले सिमित सल्लाहकार समिति बनाउन भने मिल्ने विज्ञहरु बताउछन् । वालिङमा जन्मेर वालिङलाई केही गर्नुपर्छ भन्ने मनोभाव राखेका सम्मानित व्याक्तिहरुलाई सम्मान गर्न सल्लाहकारमा मनोनयन गरेको वालिङ नगरका नगर प्रवक्ता पदमराज गुरुङ्ले बताए ।

यो सल्लाहकार समिति आवश्यकता अनुसार अझै बढ्न सक्ने संकेत समेत उनले गरे । यसले आर्थिक भार पर्ने होइन उनले भने,'दिनभन्दा पनि लिनका लागि सल्लाहकार समिति बनाइएको हो ।' यसमा कुनै शंका गर्नुपर्ने बिषय छैन उनले भने । गठन गरिएका सल्लाहकार समितिको सदस्यहरुमा लालचन्द्र गैह्रे, अग्नी काफ्ले, डा. दिनेश काफ्ले, बिष्णुबहादुर ढ्वारे, शोभाकान्त पौडेल, बाबुराम रेग्मी, आनन्द काफ्ले, डा.दिनेश काफ्ले, डा.अच्युत शरण अर्याल, डा.दर्शनकुमार गुरुङ, डा.दिनेश वि.क., डा.लेखनाथ शर्मा पाठक, डा.राजन शर्मा, प्रा.डा.दिपक सुवेदी, डा.पवमान सुवेदी, उमाकान्त पराजुली, निलकण्ठ काफ्ले, त्रिलोचन पंगेनी, कमल जिटी, मेघ आले, डोलराज शर्मा पंगेनी, रीना राना, लेखनाथ बगाले, जीवनारायण काफ्ले, जलेश्वर पाण्डे, दिपक पाण्डे, राजेन्द्र प्रसाद पाण्डे, कल्पना बस्याल, लक्ष्मीकान्त रेग्मी, ई. विष्णु प्रसाद काफ्ले, टेकप्रसाद लुईटेल, दामोदर कोईराला, माधव प्रसाद आचार्य, अमृत श्रेष्ठ, नारायण श्रेष्ठ, जगन्नाथ तिवारी, भूवन काफ्ले, शालिक सुवेदी, देविप्रसाद बगाले, द्रोणराज काफ्ले, लोकनाथ रेग्मी, नारायण भण्डारी, ध्रुव शर्मा पंगेनी, दिनेश तिवारी (दिनकर), डा. गिरीधारी शर्मा, तारा सुवेदी, सागर बगाले र अनन्तराज डुम्रे रहेका छन् ।

# सामुदायिक सेवा केन्द्र वगरको रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन




सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरको आयोजनामा ७४ औं प्रजातन्त्र दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

पोखरा महानगर पालिका वडा नं १ को सहयोग तथा नेपाल रेडक्रस सोसाइटी उपशाखा १ को सहकार्यमा भएको उक्त रक्तदान कार्यक्रममा ५६ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक मोहन कुमार थापाले जिल्ला प्रहरी कार्यालय कास्की सामुदायिक प्रहरी शाखामा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक होतबहादुर रोकाहलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक थापा गण्डकी प्रदेश सरकारबाट उत्कृष्ट प्रहरी कर्मचारी घोषित भइ पुरस्कृत भएकोमा बधाइ ज्ञापन गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी थापाले सामुदायिक सेवा केन्द्र वगरका हरेक गतिविधि उत्कृष्टता रहेको बताउँदै आगामी दिनमा पनि यस्ता कार्यक्रमको निरन्तरताको खाँचो रहेको औल्याए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका उपमन्त्री रमा कोइराला रक्तदानबाट कसैको जिवन वचाउन सकिने बताउँदै यस्तै संघ संस्थाको सक्रियताबाट नै रगत अभाव झेल्न नपरेको उल्लेख गरिन् । पोखरा महानगर पालिका वडा नं १ का वडा सदस्य जुमकाजी गुरुङ, सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वयका प्रथम उपाध्यक्ष तथा सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका पूर्व अध्यक्ष मनापति भण्डारी, केन्द्रका संस्थापक अध्यक्ष सिता गुरुङ, पूर्व अध्यक्ष पुरुषोत्तम श्रेष्ठ, पूर्व अध्यक्ष तथा नेपाल रेडक्रस सोसाइटी उपशाखा १ वगरका सभापति जीवन अधिकारी, निवर्तमान अध्यक्ष रामभूषण पराजुली, सल्लाहकार प्रेम बहादुर गुरुङ, सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा लेखनाथका अध्यक्ष कृष्ण अधिकारी, एड्स रोग नियन्त्रण संघ कास्कीका अध्यक्ष विश्वमोहन गौचन, लागू पदार्थ नियन्त्रण समाज सुधार आमा समूहकी अव्यक्ष कल्पना बास्तोलाले बोलेका थिए ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरका अध्यक्ष रामप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक वावुराम भण्डारीले स्वागत र कोषाध्यक्ष कृष्णबहादुर तामाङले कार्यक्रम सञ्चालन गरेका थिए ।

# विश्वकप क्रिकेट लिग : नेदरल्यान्ड्सको शानदार जित

रासस
काठमाडौं, ७ फागुन

आइसिसी विश्वकप क्रिकेट लिग-२ को त्रिकोणात्मक शृङ्खलाअर्न्गत सोमबार भएको खेलमा नेदरल्यान्ड्सले नामिबियालाई सात विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा नामिबियाले प्रस्तुत गरेको एक सय २४ रनको सामान्य लक्ष्य नेदरल्यान्ड्सले २७ दशमलव दुई ओरभमा तीन विकेट गुमाउँदै पूरा गऱ्यो । यस जितसँगै नेदरल्यान्ड्सले दुई खेलमा दुई अङ्क जोडेको छ । पहिलो खेलमा नेदरल्यान्ड्स नेपालसँग नौ विकेटले पराजित भएको थियो । समान दुई खेल नै खेलेको नामिबियाको पनि समान दुई अङ्क नै छ । पहिलो खेलमा नामिबियाले नेपाललाई चार विकेटले हराएको थियो ।

नेदरल्यान्ड्सको जितमा माइकल लेभिटले सर्वाधिक ५७ रनको योगदान दिए । उनले ८१ बल खेल्दै आठ चौका र दुई छक्का प्रहार गरे । त्यसैगरी म्याक्स ओडोउडले २८ रन बनाउदा बास डी लिडेले अविजित २१ रन बनाए । नामिबियाका लागि कप्तान जेर्राड एरास्मसले तीन विकेट लिए ।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नामिबियाले ३५ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय २३ रनको योगफल बनाएको थियो । नामिबियाका लागि जेजे स्मिथले २६, जान ग्रिनले १९, रुबेन ट्रम्पलम्यानले २०, निकोलस डाभिन र कप्तान जेर्राड एरास्मसले समान १३/१३ तथा वेर्नार्ड स्कोल्ट्जले १२ रन बनाए । नामिबियालाई सस्तैमा समेट्नेक्रममा नेदरल्यान्ड्सका आर्यन दत्त एक्लैले छ विकेट लिए भने कायल केलिनले दुई विकेट झारे । त्यस्तै रोलेफ भान डेर मार्वे र म्याक्स ओडोउडले समान एक/एक विकेट झारे ।

# ढोरपाटन उपत्यकाका विद्यालय खुले : चिसोले शिक्षक र विद्यार्थी बिरामी

रासस
बागलुङ, ७ फागुन

अत्यधिक चिसो बढेपछि बन्द भएका बागलुङको ढोरपाटन उपत्यका क्षेत्रका विद्यालय सञ्चालनमा आएका छन् ।

गत पुस १५ गतेदेखि बन्द भएका विद्यालय फागुन पहिलो सातादेखि सञ्चालनमा आएका हुन् । विद्यालय सञ्चालनमा आए पनि चिसोका कारण विद्यार्थी तथा शिक्षक बिरामी परेका छन् । विद्यार्थी बिरामी परेपछि पठनपाठनमा समस्या आएको छ । हरेक वर्ष हिउँदमा बन्द हुने ढोरपाटन उपत्यका क्षेत्रका विद्यालय वर्षामा भने सञ्चालन हुने गर्छन् ।

ढोरपाटन नगरपालिका-९ स्थित पाखाथरको ज्योति विकास माध्यमिक विद्यालय, छेन्तुङको सिद्धबराह प्राथमिक विद्यालय, सहलथानस्थित सहलथान प्राथमिक विद्यालय, दिजाको बाल ज्योति प्राथमिक विद्यालय, मसस्थित ढोरपाटन दुर्गम प्राथमिक विद्यालय र स्यालपाखेस्थित ढोरबहारा प्राथमिक विद्यालय गत पुस १५ गतेदेखि बन्द भएका थिए । जनवादी आधारभूत विद्यालय भने घुम्ती पढाइका लागि ढोरपाटन नगरपालिका-९ बोबाङमा झरेको थियो । ढोरपाटन उपत्यकामा विद्यालय स्थापना भएर सञ्चालनमा आएदेखि हिउँदको डेढ महिना चिसोका कारण बन्द हुने गरेको पाखाथरस्थित ज्योति विकास माध्यमिक विद्यालयका प्रधानाध्यापक चकबहादुर अदैले बताउनुभयो ।

ढोरपाटनमा अत्यधिक चिसो हुनेहुँदा पुस र माघ महिनामा पठनपाठन गर्न नसकिने भन्दै अहिले विद्यालय सञ्चालनमा आए विद्यार्थी र शिक्षक बिरामी परेको उहाँको भनाइ छ । विद्यार्थीको आँखाबाट आँशु बगिरहने, रुघाखोकी लाग्ने, ज्वरो आउने गरेको भन्दै शिक्षकमा पनि त्यो समस्या देखिँदा पठनपाठन प्रभावकारी बन्न नसकेको उहाँ बताउनुहुन्छ। जाडो बिदा भएपछि बेंसी झरेका बालबालिका एक्कासी ढोरपाटन आएर पठनपाठन गर्दा बिरामी परेको अदैको भनाइ छ । जाडोकाबेला लेक (ढोरपाटन) मा भन्दा बेंसी (बोबाङ, अधिकारीचौर) क्षेत्रमा कम चिसो हुने हुँदा अधिकांश बालबालिका बेंसी झर्ने गरेको उहाँले बताउनुभयो । ढोरपाटन उपत्यकाका विद्यालय बन्द हुँदा बेंसी झरेका विद्यार्थीले पाइकपर्ने विद्यालयमा गएर पढ्नेसमेत गरेको प्रधानाध्यापक अदैको भनाइ छ । आफ्नो विद्यालयमा १८१ विद्यार्थी रहेकामा अहिले १५० मात्रै आएको उहाँले बताउनुभयो ।अदैले भन्नुभयो, "दिउँसोमा जाडो केही कम छ, तर बिहान र साँझ निकै चिसो छ, बेंसीबाट आएका धेरै बालबालिकाको स्वास्थ्यमा समस्या देखिएको छ, शिक्षक पनि बिरामी पर्नु भएको छ, वर्षौंदेखि यस्तै समस्या भोग्दै आएका छौं, मध्य पुसमा बन्द गर्नुपऱ्यो, फागुनमा सञ्चालन गर्नुपऱ्यो, दुर्गम क्षेत्रका विद्यालयमा राज्यले अन्य सुविधा दिनुपर्ने हो तर केही सुविधा छैन, बालबालिकाले निकै दुःख पाएका छन् ।" ढोरपाटन नगरपालिकाका शिक्षा शाखा प्रमुख ज्ञानेन्द्र सापकोटाले लामो समयदेखि हिउँदमा बन्द गर्ने र वर्षामा खुल्ने नीति रहेको हुँदा सोहीअनुसार ढोरपाटन उपत्यका क्षेत्रका विद्यालय सञ्चालन गरिँदै आएको बताउनुभयो । हिउँदमा चिसो हुने र विद्यार्थी कठ्याङ्ग्रिएर पढ्न नसक्ने हुँदा बिदा गरिने भन्दै वर्षामा भने बिदा नहुने उहाँको भनाइ छ ।

जनवादी आधारभूत विद्यालय भने बाह्रै महिना सञ्चालन हुने गरेको सापकोटाले बताउनुभयो । यस विद्यालयको बोबाङमा पनि भवन रहेको हुँदा हिउँद वर्षामा पढाई हुने उहाँको भनाइ छ ।

ढोरपाटन उपत्यका क्षेत्रका विद्यालयमा ३०० बढी विद्यार्थी अध्ययनरत रहेको सापकोटले जानकारी दिनुभयो ।

"हिउँ परेको छैन, चिसो त चिसो नै छ, यद्यपि विद्यालय फागुन १ गतेदेखि खुलेका छन्, यो अहिलेदेखि सुरु गरेको होइन, धेरै वर्ष भयो, विद्यालयका भौतिक संरचना व्यवस्थित बनाउँदै शिक्षालाई गुणस्तरीय बनाउँदै गएका छौं, विद्यार्थीको समस्या छ, जाडो छ, गतिलो कपडा छैन, यसमा माथिल्लो निकायले पनि ध्यान दिन जरुरी छ", उहाँले भन्नुभयो, "विद्यालयमा तह पनि थपिरहेका छौं, यस वर्षदेखि पाखाथरको ज्योति विकास आधारभूत विद्यालयलाई माध्यमिक तहमा स्तरोन्नति गरिएको छ, यस वर्षदेखि कक्षा ९ को पढाई सुरु भएको छ, अर्को वर्ष १० कक्षा पनि सञ्चालन हुनेछ ।"

# मनमोहन कप राष्ट्रिय यू-१६ क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशलाई

पोखरापत्र संवाददाता
पोखरा, ७ फागुन

मधेश प्रदेशले तेश्रो मनमोहन कप राष्ट्रिय १६ बर्ष मुनिका खेलाडीहरु सहभागि खेल (यू-१६) क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ ।

पोखरा रंगशालाको क्रिकेट मैदानमा सोमबार भएको फाइनल खेलमा मधेश प्रदेशले सुदुर पश्चिम प्रदेशलाई ५ विकेटले पराजित गर्दै उपाधि हात पार्न सफल भएको हो । विजेता भएको मधेश प्रदेशले उपाधि सहित नगद १ लाखका प्राप्त गर्दा उपविजेता भएको सुदुर पश्चिमले भने नगद ५० हजारका साथमा ट्रफी र पमेडल, प्रमाण–पत्र प्राप्त परेको छ । खेलमा म्यान अफ दी म्याच मधेश प्रदेशका धिरेन्द्र पाश्वास घोषित हुनु भयो । पहिला व्याटिङमा उर्त्रिएको सुदुर पश्चिम प्रदेशले निर्धारित २५ ओभरको खेलमा २०.२ ओभरमै अल आउट हुदै ८६ को झिनो रनको योगफल तयार पार्‍यो । ८७ रनको लक्ष्य पाएको मधेश प्रदेशले भने ५ विकेटको क्षतीमा २०.१ ओभरमै (८८ रन) लक्ष्य पूरा गर्न सफल भएको हो । सुदुर पश्चिमका बिशाल विष्टले २४, निराजन गौतमले १८ रन जोड्नु भयो भने मधेश प्रदेशका धिरेन पाश्वानले ४ र रोहन यादले ३ विकेट लिनु भयो ।

मधेश प्रदेशको जितमा परिमार्जन यादवले ३०, मोहमद अरमानले २० रनको योगदान दिनु भयो भने सुदुर पश्चिमका डम्बर माझीले २ विकेट लिनु भएको थियो । प्रतियोगितामा मधेश प्रदेशका चन्दन राम उत्कृष्ट खेलाडी घोषित हुनु भयो । उहाँले ब्याटिङतर्फ ५ खेलमा ८३ रन जोड्न सफल हुनु भयो भने १० विकेट लिन सफल हुनु भएको हो । त्यसै गरी प्रतियोगितामा उत्कृष्ट बलरमा सुदुर पश्चिमका डम्बर माझी घोषित हुदा मधेश प्रदेशका राहुल हक अन्सारी उत्कृष्ट ब्याट्स म्यान हुन सफल हुनु भयो । विजयी खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ, पूर्व मन्त्री एवं सेन्टरका उपाध्यक्ष रामकुमारी झाँक्री, मनमोहन मेमोरियल क्रिकेट सेन्टरका अध्यक्ष एवं संघिय सांसद ठाकुर प्रसाद गैरेले लगायतले पुरस्कार वितरण गर्नु भएको हो । गत माघ २८ गते देखि सुरु भएको प्रतियोगितामा आयोजक सहित ८ टिमको सहभागिता रहेको थियो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म: २००४

स्व. गोमादेवी गुरुङ

स्वर्गारोहण: २०८०/१०/२४ गते

यस श्री शहीद हरिप्रसाद आधारभूत विद्यालय माछापुच्छ्रे गा.पा.-८ खोरामुखका पूर्व शिक्षक श्री केदार गुरुङ र लक्ष्मी गुरुङकी ममतामयी आमा **गोमादेवी गुरुङ** को ७६ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको अ ाज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**प्रधानाध्यापक तथा**

**श्री शहीद हरिप्रसाद आधारभूत विद्यालय परिवार**

**माछापुच्छ्रे गा.पा.-८ खोरामुख, कास्की**